**बि. लिन पास्को**
उप-महासचिव, राजनीतिक मामिला

अमेरिकाका बि. लिन पास्कोले राजनीतिक मामिलासम्बन्धी उप-महासचिवको पदको कार्यभार १७ फागुन २०६३ (१ मार्च २००७) देखि सम्हाल्नु भयो। उहाँ महासचिव बान कि-मुनद्वारा नियुक्त हुनुभएको हो।

संयुक्त राष्ट्रसंघमा काम थाल्नु पहिले उहाँ गणतन्त्र इन्डोनेसियाका लागि २०६१ असोज/कात्तिक देखि २०६३ माघ/फाल्गुन (अक्टोबर २००४ देखि फेब्रेवरी २००७) सम्म अमेरिकी राजदूत हुनुहुन्थ्यो। त्यस अघि उहाँ अमेरिकी विदेश विभाग, वाशिङ्गटन डिसीमा युरोपेली र युरेसिएन मामिला विभागमा सह-सहायक विदेशमन्त्री हुनुहुन्थ्यो। उहाँ मलेसियाका लागि अमेरिकी राजदूत र पूर्व सोभियत संघमा क्षेत्रीय द्वन्द्वका विशेष मध्यस्थकर्ता समेत रहिसक्नुभएको छ।

२०५२/५३ (१९९६) मा श्री पास्को संयुक्त राष्ट्रसंघमा राष्ट्रसंघका लागि अमेरिकी स्थायी मिसनका विशेष सल्लाहकार हुनुहुन्थ्यो। २०४९/५० देखि २०५२/५३ (१९९३ देखि १९९६) सम्म उहाँ ताइवानमा अमेरिकी संस्थाका निर्देशक हुनुहुन्थ्यो। उहाँले विदेश विभागको पूर्वी एशियाली तथा प्यासिफिक विभागका प्रमुख सह-सहायक सचिव, बेजिङस्थित अमेरिकी दूतावासमा मिसनका उप-प्रमुख, परराष्ट्र विभागमा उप-कार्यकारी सचिव एवं उप-विदेशमन्त्रीका विशेष सहायकका रूपमा पनि काम गरिसक्नुभएको छ।

अमेरिकी परराष्ट्र सेवामा करिब चालिस वर्षको कार्यकालमा श्री पास्कोले सोभियत र चीनका लागि समेत पद सम्हाल्नुभएको थियो। साथै मस्को, हङ्कङ्, बैङ्कक, क्वालालम्पुर र दुई पटक बेजिङमा पनि उहाँको नियुक्ति भएको थियो। उहाँ मेन्डरिन चाइनिज भाषा पनि बोल्नुहुन्छ।

वि.सं. २००० (सन् १९४३) मा मिजुरी राज्यमा जन्मनुभएका श्री पास्कोले कान्सास विश्वविद्यालयबाट स्नातक र कोलम्बिया विश्वविद्यालयबाट स्नातकोत्तर गर्नुभएको छ। श्री पास्को र उहाँकी श्रीमती डायनका दुई छोरी र दुई नातिनातिना छन्।